श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमैं व्यापार व्यवसाय गरौं,
रोजगार भई राष्ट्रनिर्माणमा
सहभागी होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ २४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 07 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६३

## उत्पादित तरकारीको मूल्य नपाउँदा कृषक चिन्तित

जीतलाल श्रेष्ठ, निजगढ, २३ माघ/

निजगढमा तरकारीको उचित मूल्य पाउन नसक्दा व्यावसायिक तरकारीखेती गर्ने अधिकांश कृषक चिन्तित भएका छन् ।

यसपालि बन्दाकोबी, गोलभेंडा, मूला उत्पादन गर्दा लागेको खर्च नै नउठेपछि यहाँका कृषकहरू चिन्तित भएका हुन् । तरकारीको मूल्य घटाएर बिक्री गर्न बाध्य हुनुपर्ने निजगढका तरकारी कृषक महमद नियाजले बताए ।

काउलीको निजगढमा राम्रो भाउ नपाउँदा हेटौंडा, नारायणघाट लैजानुपर्ने बाध्यता भएको भन्दै त्यसमा पनि राजमार्गमा खटिने सशस्त्र प्रहरीले आफूहरूलाई दुःख दिने गरेको पीडित नपाउने अर्कोतिर विभिन्न नाममा झन्झट दिन्छन् । यस्ता अनावश्यक हैरानीले कहिलेकाहीं पेशाप्रति वितृष्णा हुने गरेको कृषकहरूले बताए ।

खेतबारीमा काम गर्ने कि महीनापिच्छे भ्याट बिलको लागि अडिटरलाई खोज्ने, एकातिर मूल्य नपाउने, अर्कोतर्फ आम्दानीभन्दा बढी भ्याट कारोबारमा बिक्री गर्न नसक्दा पूरै घाटा बेहोर्नुपरेको उनको भनाइ छ। नियाजले २२ कट्ठामा गोलभेंडा, १८ कट्ठामा काउली, पाँच कट्ठामा मूलालगायतका व्यावसायिक तरकारीखेती गर्दै आएका छन् ।

तीन वर्षअघिसम्म व्यावसायिक तरकारी उत्पादन पकेट क्षेत्र निजगढ नपा–९ शान्तिटोलबाट दैनिक २/३ वटा



निजगढमा तरकारीको उचित मूल्य नपाएपछि अन्यत्र बिक्री गर्न लैजाने तयारीमा निजगढका तरकारी कृषक महम्मद नियाज । तस्वीरः जीतलाल श्रेष्ठ

पिकअप भ्यान तरकारी उठाउने गरे पनि उचित मूल्य नपाउँदा अहिले यहाँका धेरै कृषक कृषि व्यवसाय छाडेर अन्य व्यवसायतर्फ पलायन भएको उनले बताए ।

गोलभेंडा, मूलाको मूल्य नै आएन । बन्दाकोबी प्रतिकिलो बढीमा ५–७ रुपैयाँमा बिक्री गर्नुपरेको कृषकहरूले बताए। निजगढमा काउली हाल कृषकले व्यापारीबाट प्रतिकिलो ४० रुपैयाँ पाउने गरेको र सोही काउली हेटौंडा पुऱ्याउँदा ५०–६५ रुपैयाँ मूल्य पाउने एक कृषकले बताए। यदि हेटौंडालगायत अन्य स्थानमा लगेर नलग्ने हो भने यहाँका व्यापारीहरूले निकै कम मूल्यमा तरकारी किन्ने र व्यावसायिक तरकारी कृषकहरूले तरकारी कृषकहरूले बताएका छन् । चेकजाँचमा खटिने प्रहरीले आफूहरूसँग अनलाइन बिल अर्थात् भ्याट बिल माग्ने गर्छन् । हामी सानो व्यापारी त्यसमाथि पनि जमीन भाडामा लिएर तरकारी उत्पादन गर्ने र स्थानीय बजारमा उचित मूल्य नपाउँदा अन्यत्र लगेर बिक्री गर्नुपर्ने बाध्यता भएको बेला अनलाइन बिल कहाँबाट ल्याउने भन्दै जताबाट पनि कृषकहरू मारमा पर्ने गरेको उनीहरूले दुःखेसो पोखे। एकातिर समयमैं मलखाद समय खर्चिनुपर्ने र झन्झटिलो हुने कृषकहरू बताउँछन् । प्यान बिल भने आफूहरूसँग रहेको र यसमा कारोबार गर्दा खासै झन्झटिलो नहुने हुनाले कृषि तथा तरकारी उत्पादन गर्ने कृषकहरूका हकमा राज्यले सहज गरिदिनुपर्ने व्यावसायिक तरकारी उत्पादक कृषकहरूको आग्रह छ। तरकारी उत्पादक कृषकहरूसँग तरकारी किनेर बिचौलियाका नाममा व्यापार गर्नेहरूसँग सरकारले भ्याट बिल लिंदा उचित हुने तर वास्तविक तरकारी उत्पादन गर्ने कृषकहरूलाई झन्झटिलो पार्न नहुने उनीहरूको तर्क छ । अघिल्लो पुस्ताले व्यावसायिकरूपमा गर्दै आइरहेको पेशालाई आफूले पनि अँगाल्दै आएको कृषक नियाजले बताए । तर स्थानीय उत्पादन कच्चा वस्तु भएकोले बेलैमा

एक दशकसम्म निरन्तर व्यावसायिकरूपमा तरकारी उत्पादन गर्दै आइरहेका स्थानीय दीपक खतिवडाले यस्तै अनावश्यक झन्झट आइलाग्ने देखेर अहिले पेशा परिवर्तन गरेको बताए । उनले गाउँमा नै कुटानीपिसानी मिल सञ्चालन गर्दै अहिले मिनी राइसमिल सञ्चालन गरेको बताए ।

दिनरात केही नभनी तरकारी उत्पादन गरे पनि उचित मूल्य नपाउँदा कृषकहरू पेशा व्यवसाय परिवर्तन गर्न बाध्य भएको निजगढ नपा–९

(बाँकी पाँचौं पातामा)

## १३ वटा पालिकामा भोलिदेखि खोप लगाइने
## खोप लागेपछि विद्यालयमा पठनपाठन

नरेश यादव, पर्सागढी, २३ माघ/

वीरगंज महानगरपालिकापछि स्वास्थ्य कार्यालय, पर्साले भोलि सोमवारदेखि पर्साका १३ वटा पालिकामा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई कोरोनाविरुद्धको खोप दिंदैछ ।






बन्द रहेको बर्वाछोटैली, पर्सास्थित नेरामावि । तस्वीरः प्रतीक

यसअघि खोप लगाउन माघ १६ देखि २० गतेसम्म विद्यालय बन्द गरिएकोमा जिल्ला विपद् व्यवस्थापन समितिले पर्सा जिल्लामा खोप नआएको कारण माघ २४ गतेदेखि खोप दिने निर्णय गरेको थियो ।

वीरगंज महानगरपालिकाका ३२ वटा वडामा रहेका विद्यालयहरू र तोकिएका खोप केन्द्रबाट १२ देखि १७ वर्ष उमेर समूहको पहिचान खुल्ने परिचयपत्रसहित सबैलाई कोरोनाविरुद्धको खोप दिइएको थियो। महानगरपालिकामा यसअघि पनि यो उमेर समूहका ८० प्रतिशत विद्यार्थीले कोरोनाविरुद्धको खोप लिइसकेका छन्।

खोप लिएकै कारण महानगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयहरू अहिले पनि सञ्चालनमा छन । तर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले माघ १५ गतेसम्म विद्यालय बन्द गराएको र जिल्लामा माघ १६ देखि २० गतेसम्म १२ देखि १७ वर्ष उमेर समूहलाई खोप दिने सरकारी नीति खोप अभावले सफल हुन सकेको थिएन ।

प्रदेश सरकारले स्वास्थ्य कार्यालय, पर्सालाई माग बमोजिमको खोप उपलब्ध नगराएको कारण सो अवधिमा खोप नदिए पनि विद्यालय बन्द नै थिए । विद्यार्थीहरूलाई खोप दिएपछि मात्र विद्यालय सञ्चालन गर्नुपर्ने माग भएको र प्रदेश सरकारले माघ १९ गते ७८ हजार खोपको मात्रा पठाएपछि पहिलो चरणमा वीरगंज महानगरपालिकामा खोप दिइएको थियो । महानगरमा माघ २० देखि २२ गतेसम्म र बाँकी १३ वटा पालिकामा माघ २४ देखि २६ गतेसम्म खोप दिने कार्यक्रम तय गरिएको छ ।

यसैबीच, पर्सागढी नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख उमेश साहले विद्यालयहरू र तोकिएका स्वास्थ्य केन्द्रमा १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थी र अन्यले उमेर समूह खुल्ने परिचयपत्रसहित खोप केन्द्रहरूबाट खोप लिन सक्ने बताए ।

नेपाल शिक्षक महासङ्घ, पर्सागढी नपाका अध्यक्ष रामबहादुर चौधरीले खोपकै कारण हालसम्म विद्यालय बन्द रहेको र अब खोप दिने कार्य सम्पन्न भएपछि विद्यालयहरू सञ्चालनमा आउने बताए ।

## माफी मागेपछि धोबिनी घटना सहमतिमा साम्य

प्रस, पोखरिया, २३ माघ/

धोबिनीकी वडासदस्य शान्ति देवीका पति धर्मन राउत कुर्मीले इलाका प्रहरी कार्यालय, पोखरियामा आइतवार लिखित माफी मागेका छन् ।

धोबिनी गाउँपालिका कार्यालयका योजना शाखा प्रमुख पप्पु पटेललाई माघ १३ गते मोटर खरीद गरेको विषयलाई लिएर कुटपिट गर्नुका साथै उनलाई कार्यकक्षमा दुई घण्टा थुनेर दुर्व्यवहार गरेकोविरुद्ध नेपाल निजामती कर्मचारी सङ्गठन, पर्साले आन्दोलन घोषणा गरेपछि वडासदस्यका पति कुर्मीले आज इप्रका, पोखरियामा भएको बैठकमा लिखित माफी मागेका हुन् ।

सङ्गठनले शुक्रवारसम्म जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएको थियो भने आजबाट कामकाज ठप्प पार्ने चेतावनी दिएको थियो। तर आज कुर्मीले लिखित माफी मागेपछि सहमति भएको र आन्दोलनका सबै कार्यक्रम स्थगित गरिएको सङ्गठनका जिल्ला अध्यक्ष अमित गिरीले प्रतीकलाई बताए ।

आजको बैठकमा गापा प्रमुख सुरेश कुर्मी, प्रमुख प्रशासकीय अधिकृत राजु साह, प्रहरी निरीक्षक दीपक थापा, नेपाली काङ्ग्रेसका रमेशनाथ पाण्डेय, श्रीकान्त यादव, सङ्गठनका सचिव सुरेन्द्र यादवलगायतको सहभागिता थियो ।

## सरस्वतिपूजामा कोरोनाको भय देखिएन, धूमधामका साथ मनाइयो

प्रस, वीरगंज, २३ माघ/

कोरोना भयका बीच आइतवार सरस्वतीपूजा धूमधामका साथ मनाइएको छ ।

वीरगंज महानगरपालिकामा कोरोनाविरुद्धको पहिलो खोप १२ वर्षमाथिका प्रायः विद्यार्थीले लिइसकेका कारण यस वर्ष सरस्वतीपूजा धूमधामले मनाइएको हो । बालबालिका, युवाहरूले हिजोदेखि नयाँ कपडा खरीद गर्ने, सरस्वतीको मूर्ति ल्याउने, सजाउने जस्ता कार्य सम्पन्न गरेका थिए भने आज बिहानैदेखि सरस्वतीपूजामा व्यस्त रहे । महानगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालय, क्याम्पसहरूमा सरस्वतीपूजा गर्नका लागि ठूलो सङ्ख्यामा भीड लागेको थियो । २०७६ सालमा सरस्वतीपूजा कोरोनाको पहिलो लहर आउनुभन्दा पहिले सम्पन्न भएको थियो भने २०७७ सालमा कोरोनाको दोस्रो लहरका कारण सरस्वतीपूजा विद्यार्थीहरूको सहभागितविना सामान्यरूपमा मनाइएको थियो । बल्लतल्ल विद्यालय सञ्चालनमा आएको र स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्नुपर्ने बाध्यकारी अवस्था तथा कोरोनाबाट सबैतर्फ सन्त्रास रहेकाले सावधानीपूर्वक सरस्वतीपूजा गरिएको थियो ।

तर यस वर्ष कोरोनाको तेस्रो लहरमा ओमिक्रोन भेरियन्ट सामान्यरूपमा मात्र देखिएकोले कोही पनि डराएका छैनन् । स्थानीय प्रशासनले स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गर्न अनिवार्य मास्क लगाउन र नलगाउनेलाई जरिवाना गर्ने

(बाँकी पाँचौं पातामा)



सरस्वती माताको पूजा गर्दै । तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

सूर्यजस्तो चम्किलो बन्न त सबैलाई मन लाग्छ, तर सूर्यजस्तो आफूलाई तताउन कोही चाहँदैन ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# किसानको हकहित

**किसानको चर्चा निकै हुन्छ । किसानको अवस्थाबारे सरोकार समूहलगायत सरकारले आर्त्तनाद नै गर्दछ। सरकारले बजेट पनि राम्रै खर्च गर्छ। तर परिणाम भने 'दिन भर चला अढाई कोस'जस्तै छ। देशमा यदि कुनै क्षेत्र सबभन्दा उपेक्षित, तिरष्कृत र अपहेलित छ भने त्यो कृषि हो। यत्रो प्रयासका बावजूद किन कृषिको उन्नति हुन सकिरहेको छैन ? हाम्रो नीति वा प्राथमिकतामा केही त्रुटि भएर हो कि, के कारणले हो, जति बढी ध्यान दियो, कृषि क्षेत्र त्यति नै धराशायी भइरहेको छ । कृषिजन्य उत्पादनमा हाम्रो परनिर्भरता बढि नै रहेको छ। भूमिको उत्पादकत्व घटिरहेको छ, कृषियोग्य भूमिको आयतन घटाउने मनोविज्ञान फस्टाइरहेको छ। कृषि उद्योगहरू धराशायी बनिसकेका छन् । हो पार्श्वकृषिले भने केही सफलता हासिल गरिरहेको छ । तर मूल कृषिको अभावमा यो पनि धेरै दिन टिक्न सक्दैन । कृषिको लागि चाहिने पहिलो वस्तु हो भूमि । भूमिमा काम गर्ने श्रम दोस्रो नभइ नहुने आवश्यकता हो । तेस्रोमा बीज, उपकरण, मल, सिंचाइ आदि पर्छन् । यस कसीमा हामीले नेपालको कृषिलाई हेर्ने प्रयास गरौं भने सबै स्थिति छर्लङ्ग हुन्छ । नेपालमा कृषि भूमि घटिरहेको छ, कृषि पेशाबाट मानिस पलायन भइरहेका छन्, मल, बीउ र सिंचाइको अभाव टडकारो छ । रह्यो श्रम, त्यो त विदेशी मरुभूमिमा पसिना काढ्न गएको छ ।**

**माथि वर्णित कारण समयको माग पनि हो । आज गाउँ गाउँ रहेन, शहरीकरणले निथ्रुक्क भिजेको छ। र शहरीकरण भनेको उद्यम, विलासी, साधनसम्पन्न, जागीरे जीवन हो । आज खरीद गरेर भोलि पैसा कमाउने प्रक्रिया हो। यस्तो जीवनको बानी परेको मानिसले जसरी पनि त्यही जीवन रोज्छ । उसमा एउटा बालीबाट आम्दनी लिन दिनरात घामपानी नभनी तीन-चार महीना अघोर परिश्रम गर्नु सम्भव नै छैन । त्यसैले श्रम गर्ने मानिस विदेश भाग्छ, त्यहाँ जस्तै नारकीय जीवन बिताउनुपरोस्, आफ्नो गाउँ-ठाउँमा कृषिकर्म गर्न चाहँदैन । गरे पनि निर्वाहमुखीसम्म बन्न सक्छ । किनकि, भूमिको खण्डीकरण भएको छ, माथि भनिएका समस्या यथावत् छ । कृषि अनुदान र सहुलियतमा घनघोर भ्रष्टाचार छ । मज्जको कुरा के भने गाउँको क्रमशः विकाससँगै भूमिको मूल्य बढिरहेको छ । जग्गा बेच्यो भने हैसियत अनुसार दुईचार वर्ष खान पुग्छ । यस्तो मनोविज्ञान जन्म दिने काम सरकारले गरेको हो। सरकारलाई करोडौं किसानको भन्दा केही सय वा बढीमा हजार भूमाफियाको स्वार्थको चिन्ता छ । यस्तोमा कृषि के भनेर फस्टाउँछ ?**

**यी मूल समस्याको निराकरण नगरी मधेस प्रदेशको सरकारले किसानको समस्या समाधन गर्न उच्चस्तरीय समिति गठन गरेको छ। समितिको तोकिएको कार्यक्षेत्रमा कृषि तथा पशुपक्षी विकास, मलखाद, बीउबिजन, सिंचाइ, बीमा, डुबान-कटान, कृषि यन्त्रीकरण-विद्युतीकरण तथा पहिले नै निर्धारित कृषि नीतिको समीक्षा र आगामी योजनाका लागि नीति निर्माण परेको छ। पूँजीगत खर्च १० प्रतिशतभन्दा माथि गर्न नसकेको सरकारले यी योजनाहरू बनाएर पनि के लाभ होला ? र योजनाहरू त लक्षित समूहका लागि होइन, आफ्ना कार्यकर्ता पोस्न बनाइने हाम्रो पुरानो चलन हो । गरीबको साथ विपी, प्रधानमन्त्री सम्बद्ध विभिन्न योजनाहरु ताजा उदाहरण छन् । सूचनाबाट वञ्चित किसानले योजनाबाट हुने लाभको जानकारी पाउन्जेल पार्टीका नामधारी कृषकहरूले लाभ उठाइसक्ने छन् र दुई चार वर्षपछि कृषिले थाहा पाउन्जेल योजना असफल भनेर, दराजको कुरामा थन्किसक्नेछ।**

# २१ औं शताब्दी एशियाली शताब्दी

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**एशियाको शाब्दिक अर्थ हो 'उदाउँदो सूर्य' । यस अर्थलाई वास्तविकतामा बदल्ने बेला भइसकेको छ । अर्थात् उदाउँदो सूर्यको ताप सम्पूर्ण विश्वले महसूस गरोस् । यसको लागि आपसी मतभेद र परस्पर सीमा मिचाइ बिर्सेर एशियाका देशहरूलाई एउटै धरातलमा उभिनु आवश्यक हुन्छ ।**

जुन कालखण्डमा जुन महादेश विश्व मञ्चमा केन्द्रीय भूमिकामा हुन्छ, त्यस कालखण्डमा त्यसकै नाउँले त्यो शताब्दी चिनिन्छ। जस्तै, हरेक दृष्टिकोणाले कैयन अर्थमा १६ औं शताब्दी देखि १९ औं शताब्दी सम्म युरोप विश्व मञ्चमा केन्द्रीय भूमिकामा रहेको थियो र यस शताब्दीलाई युरोपेली शताब्दीको रूपमा इतिहासमा अङ्कित गरिएको छ । २० औं शताब्दीको प्रारम्भमा विश्व युद्ध पछि युरोप कमजोर हुन थाल्यो र विश्व मञ्चमा केन्द्रीय भूमिका निर्वाह गर्न सकेन। यस शताब्दीको मध्यमा एशियाको केन्दीय भूमिकाको सम्भावनालाई ध्यानमा राखेर २१ औं शताब्दीलाई एशियाली शताब्दीको रूपमा परिकल्पना गरिएको थियो । जसरी एशियाली राष्ट्रहरूमा राष्ट्रभन्दा पनि माथि उठेर महादेशीय सम्बन्ध स्थापित गर्ने होड देख्न पाइयो त्यसबाट यस परिकल्पनालाई अझ बल प्राप्त भयो । एशियाली देशहरूमा साझा आधार र नयाँ विस्तार जसरी-जसरी विकसित हुँदै गयो त्यसले के देखायो भने २१ औं शताब्दी एशियाको नै शताब्दी हो ।

यदि एशियाली शताब्दीको रूपमा २१ औं शताब्दीको परिकल्पना गरिएको छ भने यो निराधार परिकल्पना होइन। यसपछाडि केही ठोस आधारहरू छन् । एशिया संसारमैं क्षेत्रफल र जनसङ्ख्याको दृष्टिकोणले सबैभन्दा ठूलो महादेश हो । सबैभन्दा बढी जनसङ्ख्या भएको यस महादेशमा विश्वको लगभग ५९ प्रतिशत जनसङ्ख्याको बसोवास छ र यसको क्षेत्रफल विश्वको भूभागको ३० प्रतिशत रहेको छ। विश्वको सबैभन्दा ठूलो महादेशमा जहाँ सबैभन्दा बढी सांस्कृतिक विविधता छ त्यहीं कैयन प्राचीन धर्मको उद्गमस्थल पनि छ । कैयन प्राचीन सभ्यता यहीं पुष्पित र पल्लवित भएको छ। एशिया वैचारिक र दार्शनिक स्तरमा पनि अत्यन्त सम्पन्न र समृद्ध छ। एशियाबारे के पनि सही हो भने यहाँ युरोपजस्तो प्रतिस्पर्धा विकसित भएको छैन जस्तो इङ्गल्यान्ड र फ्रान्स र फ्रान्स र जर्मनीबीच शताब्दीयौंसम्म चलेको थियो र जसले गर्दा दुईटा विश्वयुद्ध भयो। एशियामा यो प्रतिस्पर्धा भूगोलभित्र रहेको देशभित्र नै चलिरह्यो । आज एशियाका केही ठूला देशहरूबीच प्रतिस्पर्धा भइरहेको छ तर यस सँगसँगै एशियाका धेरै देशहरू एकअर्का नजीक पनि आएका छन् ।

एशिया यदि विश्व मञ्चमा २१ औं शताब्दीको केन्द्रीय भूमिकामा आउन चाहन्छ भने यसमा भारत, चीन, जापान जस्ता सम्भावना सम्पन्न देशले आफ्नो ठूलो योगदान दिन सक्छन् । एशियन देशहरूमध्ये भारत र चीन विश्व शक्तिको केन्द्रमा रहेका छन् तर वर्तमानमा यी दुवै देश एकअर्काबाट टाढा हुँदैछन्। यदि यी दुवै देश एशियाली वर्चस्वको लागि आपसी मतभेद बिर्सेर एकजुट हुने हो भने २१ औं शताब्दी एशियाको शताब्दी हुने निश्चितप्राय: छ। चीन र भारत दुवै महाशक्ति हुन् र यी दुइटै देश २१ औं शताब्दीमा विश्व मञ्चमा अहम् र रचनात्मक भूमिका निर्वाह गर्न उन्मुख पनि छन् । तर यिनीहरूको आपसी मतभेदले गर्दा छिमेकी सम्बन्धमा चिसोपना देखिएको छ। प्रविधिको विशाल आधार भएको देश जापान पनि एशियाली शताब्दीको सपना साकार गर्न अहम् भूमिका निर्वाह गर्न सक्छ ।

एशियाली शताब्दीको सपना साकार गर्न भारत र चीनबीच मित्रता कायम हुनु जति आवश्यक छ, त्यहीं के पनि आवश्यक छ भने एशियाका सबै देशहरू पनि यस दिशामा अघि बढून् र एशियाको अस्मिता जोगाउन राष्ट्रभन्दा माथिको भावना विकसित गरून् । यसको लागि एशियाली देशहरूले एक आपसमा सद्भाव, सहानुभूति र सह-अस्तित्वको भावना विकसित गर्नुपर्छ अनिमात्र एशिया २१ औं शताब्दीको विश्व मञ्चमा निर्णायक केन्द्रीयता हासिल गर्न सक्छ। यसको लागि एशियाली देशहरूले कम्मर कस्नुपर्छ र यसको लागि प्रयास थाल्नुपर्छ। ठूला देशहरूले साना देशहरू सीमा मिचाइ गर्ने प्रवृत्ति त्याग्नुपर्छ र सहयोगी हातहरू बलियो बनाउनुपर्छ। हरेक देशले आपसी समझदारी विकसित गर्न र एकअर्कालाई विश्वासमा लिन विशेष प्रयासको थालनी गर्नुपर्छ ।

एशियाली शताब्दीको सपना साकार गर्नमा युवाशक्तिले अकल्पनीय योगदान दिन सक्छ भन्ने कुरोलाई केन्द्रमा राखेर एशियाका युवाहरूबीच सम्पर्क बढाउने कुरामा जोड दिनुपर्छ र यसको लागि एशियाली युवाहरू एउटै मञ्चमा जम्मा हुन्छन् भने एशियाली वर्चस्व बढ्नु तय छ । हिजोआज डिजिटल युगको शुरूआत भइसकेको छ। यस परिवेशमा डिजिटल मित्रता बढी उपयोगी सिद्ध हुन सक्छ । डिजिटल नजीक हुनाले जहाँ हृदयबीचको दूरी हट्छ त्यहीं चलचित्र र अन्य रचनात्मक कार्यक्रमको आदान-प्रदानले राम्रो वातावरण तयार हुन्छ जुन महादेशीय समझदारी बढाउन सहायक हुन्छ । यसबाट परस्पर एकीकरणको भावना बलियो हुन्छ ।

एशियाको प्रतिष्ठा बढाउन देशहरूबीच बौद्धिक र सांस्कृतिक आदान-प्रदानलाई प्रोत्साहित गर्नु आवश्यक छ। एशियाका देशहरूमा कैयन प्रकारको खुबी छ जसलाई साझा गर्ने आवश्यकता छ। जस्तै नेपालको वीरता र अखण्डता, भारतको योग, चीनको स्वयं सुरक्षासँग जोडिएको कला 'ताई ची' आदि यस्ता उदाहरण हुन् जसलाई हामी साझा गर्न सक्छौं। यस्ता कुराहरूलाई साझा गर्दा जहाँ परस्पर सम्बन्ध वृद्धि हुन्छ त्यहीं यसबाट सबैलाई लाभ प्राप्त हुन्छ।

एशियाली शताब्दीको सपना साकार पार्नका लागि नागरिक समाज र समुदायबीच परस्पर सम्बन्ध हुनु आवश्यक छ । नागरिक समाजलाई जोड्नको लागि एशियाका देशहरूबीच धार्मिक पर्यटनलाई बढाउने प्रयत्न हुनुपर्छ। एशियामा यसको धेरै सम्भावना पनि छ। एशियाली देशहरूमा मात्र बौद्ध धर्मका कैयन तीर्थस्थलसँगै इस्लाम धर्मको पनि कैयन पवित्र धर्मस्थलहरू छन् । हिन्दू धर्म नेपाल र भारतमा मात्र नभई यसको विस्तार अनेक ठाउँमा भएको छ। हिन्दू मन्दिरको सबैभन्दा ठूलो परिसर कम्बोडियामा छ भने विश्वका सबैभन्दा ठूलो मुस्लिम देश, इन्डोनेशियामा आज पनि राम कथामा आधारित सङ्गीत-नृत्यको परम्परा कायम छ । अर्थात् धार्मिक पर्यटनमा एशिया अत्यन्त समृद्ध छ र यसलाई प्रोत्साहित गरेर नागरिक समाजबीच सम्बन्ध बढाउन सकिन्छ । मात्र धार्मिक पर्यटन होइन, यस क्रममा पर्यटनलाई पनि प्रोत्साहित गर्नुपर्छ किनभने एशिया विविधताले भरिएको महादेश हो। यस परिप्रेक्ष्यमा यदि समस्त एशियावासी पर्यटनको सम्पर्कमा आउँछन् भने आफ्नो महादेशलाई बुझ्न सजिलो हुन्छ जसबाट एशियाली चेतनाको सञ्चार हुन्छ । यस्ता कुरा विश्व मञ्चमा एशियाको केन्द्रीय भूमिकाको लागि सहयोगी हुन्छ ।

एशियाली शताब्दीको सपना साकार पार्न एशियाका देशहरू एकअर्काको पूरक बन्नुपर्छ र यसको लागि व्यापारिक र व्यावसायिक सम्बन्ध बलियो बनाउनुपर्छ। यस क्षेत्रमा पर्याप्त सम्भावना पनि छ। यस्ता सम्भावनाहरूलाई नौलो आधार दिएर हामी एशियालाई केन्द्रीय भूमिकामा विश्व मञ्चमा ल्याउन सक्छौं। एशियाली शताब्दीको सपना साकार पार्नको लागि सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने एशियाली देशहरू एक आपसमा मित्रता र सहयोगको सम्बन्ध कायम गरी वैश्विक महत्त्वका मुद्दाहरूमा एकबद्धता प्रदर्शन गर्ने। साथै वैश्विक महत्त्वका निकायहरूमा एशियाका देशहरूको गहिरो दखल र तालमेल पनि हुनुपर्छ। यसरी वैश्विक सरोकारका विषयमा जब एशियाका देशहरूको एकमत देखापर्छ अनि मात्र विश्व मञ्चमा एशियाको प्रभुत्व कायम हुन्छ र अमेरिका र अन्य पश्चिमा देशको वर्चस्व कम हुन्छ जसको प्रभाव संयुक्त राष्ट्रजस्ता वैश्विक निकायमाथि बढी छ।

माथि उल्लिखित विषय अघि बढेर मात्र एशियाली शताब्दीको सपना साकार गर्न सकिन्छ । सबैभन्दा पहिले सम्पूर्ण एशियाली मुलुकहरूले यी कुरामाथि गम्भीरतापूर्वक चिन्तन-मनन गर्नुपर्छ । हामीसँग भएको सम्भावनालाई बलियो आधार दिने आवश्यकता छ । हामीसँग पर्याप्त साधन र स्रोत पनि छ । यस परिप्रेक्ष्यमा एशियाली शताब्दीको सपना साकार पार्न कठिन छैन । लक्ष्य हाम्रो धेरै नजीक छ। एशियाको शाब्दिक अर्थ हो 'उदाउँदो सूर्य' । यस अर्थलाई वास्तविकतामा बदल्ने बेला भइसकेको छ । अर्थात् उदाउँदो सूर्यको तापलाई सम्पूर्ण विश्वले महसूस गरोस् । यसको लागि आपसी मतभेद र एकअर्काको सीमा मिचाइ बिर्सेर एशियाका देशहरूलाई एउटै धरातलमा उभिनु आवश्यक हुन्छ। यदि यसरी शुरूआत गरियो भने हाम्रो सपना अवश्य नै पूरा हुनेछ।

# मधेस प्रदेश सरकारमा एक राज्यमन्त्री थप

जनकपुर, २३ माघ/रासस

मधेस प्रदेश सरकारमा नेकपा (एकीकृत समाजवादी)बाट एक राज्यमन्त्री थप गरिएको छ । प्रदेश सरकारको उद्योग, वन, पर्यटन तथा वातावरण राज्यमन्त्रीमा एकीकृत समाजवादीका नागेन्द्रराय यादवलाई नियुक्त गरिएको छ ।




नवनियुक्त राज्यमन्त्री यादवलाई आइतवार प्रदेश प्रमुख हरिशङ्कर मिश्रको उपस्थितिमा मुख्यमन्त्री लालबाबू राउत गद्दीले पद तथा गोपनीयताको शपथ गराए। यसअघि गत मङ्सिर ५ गते एकीकृत समाजवादीबाटै उद्योग, वन, पर्यटन तथा वातावरणमन्त्रीमा शत्रुघ्न महतो र प्रदेश मामिला तथा कानूनमन्त्रीमा प्रमोद यादव सरकारमा सहभागी भइसकेका छन् । योसँगै अब मधेस सरकारको मन्त्रिमण्डल १४ सदस्यीय भएको छ । मधेस सरकारमा मुख्यमन्त्रीसहित १० मन्त्री र चार राज्यमन्त्री भएका छन् ।

# प्यास लागेपछि कुवा खन्ने ?

पाठक प्रतिक्रिया

२० गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'मल कारखाना स्थापना किन अवश्यक छ ?' पढें । उता शीतल महतो महोदयले देश बनाउन भ्रष्टाचार निवारण किन आवश्यक छ ? भन्ने उद्घोष गरेका छन् ।

श्रीमन्नारायणलाई राष्ट्रवादको परिभाषा नै गलत लागेको छ। सबका आआफ्ना डम्फु छन्, आआफ्ना राग छन् । सिके राउत नासाको अन्तरिक्ष भ्रमण गर्न छाडेर मलको लागि पृथ्वीको सडकलोक परिभ्रमण गरिरहेका छन्। भनिदिनुस् सिके राउतलाई आफ्नो प्यास थामेर राखून् । कुवा खन्न प्रधानमन्त्री व्यापारीसित छलफल गरिरहेका छन्। नेपालमा सिमेन्ट कारखाना थिएन, धेरै खुल्यो । परिणाममा चुनढुङ्गाको लागि पहाडका पहाड सखाप र विद्रुप भइरहेका छन् । न कुनै मापदण्ड छ, न कुनै छेकबार । चुरे दोहनले मधेसभूमि मरुभूमि बन्दैछ ।

त्यस मरुभूमीकरणामा मल कारखानाले सहयोग नै पुऱ्याउला भन्ने पूरापूर आशा छ । अहिले दुनियाँ प्राङ्गारिक मल, प्राकृतिक खेतीको धाउन्नामा लागेको छ। हामीलाई भने बल्ल मल कारखानाको सम्झना भइरहेको छ। यो पनि ठीकै छ । फर्केर प्राङ्गारिकसम्म त पुग्न सकिंदैन । सिमेन्टको बजार आफ्नै देशमा छ । तर किन अहिलेसम्म भारतीय सिमेन्ट मान्छेले मन पराउँछन् ? यसको कारण निरर्थक गुणस्तर र मूल्य नै त होला ! तर मलको प्रश्नमा मान्छेले गुणस्तर र मूल्यमा आँखा चिम्लिने छ होला । श्रीमन्नारायणका राष्ट्रवादीहरूले त अवश्य किन्नेछन् ।

बस एउटा डर यतिमात्र छ कि वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना र तमाम अन्य उद्योगजस्तै नभई जाओस् ।

तर पनि व्यापारीहरूलाई प्रोत्साहन त दिनैपर्छ। आखिर नेपाल-भारत दुवै ठाउँमा पुऱ्याउन सक्ने त उनीहरू नै हुन् । नेपाल-भारत सम्बन्ध जिन्दाबाद !

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# जोरबिरोज प्रणाली भोलिदेखि हटाउन, शैक्षिक संस्था फागुन १ गतेदेखि सञ्चालनको सिफारिस

काठमाडौं, २३ माघ/रासस

कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी)ले सवारीसाधनमा हाल कायम रहेको जोरबिजोर प्रणाली भोलि सोमवारदेखि हटाउन गृह मन्त्रालयलाई सिफारिश गरेको छ।


तस्वीरः रासस

केन्द्रको आइतवारको बैठकले फागुन १ गतेदेखि शैक्षिक संस्थाहरूसमेत सञ्चालन गर्न सिफारिश गरेको छ। सोही दिनदेखि रात्रिकालीन व्यवसाय रेस्टुरेन्ट, डान्सबारलगायत व्यवसाय पनि स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै सञ्चालनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गृह मन्त्राललाई सिफारिश गरिएको केन्द्रकी प्रवक्ता सुनीता नेपालले बताइन्।

डान्सबार, दोहोरी, नाचघर, लाउन्ज, पब, क्लबलगायत रात्रिकालीन व्यवसाय, सिनेमा हल, हेल्थ क्लब, जिमखाना, स्विमिङपुल तथा फूटसल, जनस्वास्थ्य र सुरक्षाका मापदण्ड परिपालना गर्ने गरी फागुन १ गतेदेखि राति १० बजेमा नबढ्ने गरी सञ्चालन गर्ने आवश्यक व्यवस्थाका लागि गृह मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सिफारिश गरिएको उनले जानकारी दिइन्।

विश्वविद्यालय, विद्यालय, ट्युशन सेन्टर, तालीम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरू, जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गरी आगामी फागुन १ गतेदेखि सञ्चालन गर्न सिफारिश गरिएको बताउँदै उनले विद्यालय सञ्चालन गर्दा १२ वर्ष पूरा भएका विद्यार्थीका हकमा नियमितरूपमा तथा १२ वर्ष पूरा नभएका विद्यार्थीका हकमा आलोपालो गरी कक्षा सञ्चालन गर्ने व्यवस्थाका निम्ति गृह र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिश गरिएको जानकारी पनि दिइन्।

खेलकूद कार्यक्रम सञ्चालन गर्दा एकपटकमा कुल दर्शक क्षमताको ५० प्रतिशत मात्र उपस्थित रहने गरी जनस्वास्थ्यका मापदण्ड र सम्बन्धित खेलको अन्तर्राष्ट्रिय नियम परिपालन गरी सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्थाका लागि सरकारलाई केन्द्रले सिफारिश गरेको छ। खोपकार्ड हराएकाहरूलाई त्यसको प्रतिलिपि सहज ढङ्गले उपलब्ध गराउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सिफारिश गरिएको छ।

### आठ हजारभन्दा बढी कोरोना सङ्क्रमणमुक्त

बितेका २४ घण्टामा आठ हजार ७०४ जना कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् भने एक हजार ३८६ जना नयाँ सङ्क्रमित थपिएका छन्। हालसम्म नौ लाख नौ हजार ३४३ जना सङ्क्रमणमुक्त भएका छन्।



तस्वीरः फाइल/प्रतीक

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर नौ हजार २५१ नमूना परीक्षण गरिएको थियो। छ हजार ४४३ जनाको पिसिआर विधिबाट परीक्षण गर्दा एक हजार १८३ र दुई हजार ८०८ जनाको एन्टिजेन परीक्षण गर्दा २०३ गरी एक हजार ३८६ जनामा सङ्क्रमण पुष्टि भएको हो। आइतवारसम्म नेपालमा कोरोना सङ्क्रमितको कुल सङ्ख्या ११ लाख ६८९ पुगेको छ।

त्यसैगरी, पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट ११ जनाको मृत्यु भएको छ। योसँगै मुलुकमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ११ हजार ८१४ पुगेको छ।

हाल देशभर ४५ हजार २४८ सक्रिय सङ्क्रमित छन् भने ४३ हजार ९३२ सक्रिय सङ्क्रमित होम आइसोलेशनमा र एक हजार ३१६ जना संस्थागत आइसोलेशनमा छन्। उनीहरूमध्ये २६९ जनाको सघन उपचार कक्ष र ४६ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ। गत २४ घण्टामा ७९ हजार ९५९ जनाले खोप लगाएका छन्।

उक्त मन्त्रालयका अनुसार आइतवार काठमाडौं उपत्यकामा थप ५६६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। काठमाडौंका ४१०, ललितपुरका १२४ र भक्तपुरका ३२ जनामा सङ्क्रमण पुष्टि भएको हो।

# शिक्षा क्षेत्रको सुधार गर्न ५५ बुँदे योजना –मन्त्री पौडेल

बलेवा, २३ माघ/रासस

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षा क्षेत्रको सुधारका लागि ५५ बुँदे योजना बनाएर कार्यान्वयनमा ल्याएको बताएका छन्। विद्यालयको भैतिक संरचना सुधारदेखि शिक्षक, कर्मचारीको दरबन्दी मिलान र नयाँ शिक्षक थप गर्ने योजनासमेत मन्त्रालयले कार्यान्वयनमा ल्याएको उनले बताए।

प्रेस सेन्टर, बागलुङले आज आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री पौडेलले १८ हजार शिक्षक दरबन्दी खुलाउने बताए। आन्तरिक बढुवा खुलाउने, नयाँ दरबन्दी खोल्ने र विद्यालय गाभ्ने अभियान थाल्ने उनले बताए।

देशभरका विद्यालय र शिक्षकको अनुपात अध्ययन गरी दरबन्दी थप्ने तयारीमा सरकार पुगेको उनले उल्लेख गरे। शिक्षा क्षेत्रको सुधारका लागि तीन नयाँ ऐन मन्त्रालयले तयार गरिसकेको उनको भनाइ थियो।

सङ्घीय शिक्षा ऐन, विश्वविद्यालय ऐन र प्राविधिक शिक्षा व्यवस्थापन गर्ने नयाँ ऐन बनिसकेको र संसद्मा लैजाने तयारी भएकोले कानूनी समस्या पनि छिट्टै अन्त्य हुने मन्त्री पौडेलको धारणा छ। ती ऐन पारित हुँदा देशको शैक्षिक स्थिति धेरै सुधार हुने उनको दाबी थियो। अठार वर्षदेखि रोकिएको आन्तरिक बढुवाको शुरूआत भएकोले शिक्षकमा ऊर्जा आउने उनले बताए।


तस्वीरः फाइल

शिक्षा क्षेत्रलाई प्रविधि-मैत्री बनाइएको भन्दै मन्त्री पौडेलले अबका दिनमा शिक्षकले फाइल बोकेर मन्त्रालय धाउने काम अन्त्य गरेर आवश्यकताको आधारमा काम हुने पद्धति विकास गरिएको दाबी गरे। मन्त्री पौडेलले चार वर्षदेखि १२ वर्षसम्मका बालबालिकालाई कोरोनाविरुद्ध खोप लगाउन सरकारले तयारी गरेको उल्लेख गर्दै खोप ल्याउने क्रम शुरू भइसकेको सो अवसरमा जानकारी दिए।

# मिथिलाञ्चलमा हलो र गोरुको पूजा

जलेश्वर, २३ माघ/रासस

श्रीपञ्चमीको अवसरमा महोत्तरीसहित मिथिलाञ्चलमा किसानले आइतवार हलो र गोरुको पूजा गरेका छन्।


तस्वीरः फाइल

परम्परागतरूपमा मिथिलाञ्चलभरिका किसानले आजका दिनलाई कृषि कार्यको सुरुआत मान्दै हलो र गोरुको पूजा गर्ने गरेका छन्।

किसानले आआफ्ना आँगनमा गाईको गोबरले लिपपोत गरेर, फूलमाला, अक्षता, अबीर, चामल, लड्डुलगायतका वस्तुसहित हलो राखेर पूजाआजा गरेका छन्। घरबाहिर गोरुलाई नुहाएर रङ्गीचङ्गी डोरी लगाएर पूजा गरेका छन्।

किसानले हलो र गोरुको पूजा गरिसकेपछि नजीकैको खेतमा लगेर आज एकछिन जोत्ने चलन छ।

आजका दिन धेरै किसानले नयाँ किनेको गोरुलाई पहिलोपटक खेत जोत्न लगाउने तथा बाछोबाट गोरुको रूपमा तयार भइसकेकालाई समेत आजका दिनबाटै गोरु बनाउने चलन छ। किसानले आजका दिन हलोमा धार लगाउने, कोदालो धारिलो पार्ने तथा हँसिया र खुर्पासहितको कृषि औजारलाई नयाँ धार लगाएर प्रयोग गर्ने चलन छ।

श्रीपञ्चमीको अवसरमा किसानले अरवा चामलमा सक्खर मिलाएर एक किसिमको कृषि प्रसाद तयार पार्दछन् भने हलो र गोरुको पूजा गरेर हलो जोतेर एकापसमा अबीर दल्ने तथा प्रसाद वितरण गरेर पूजा सम्पन्न गर्दछन्।

मिथिलाञ्चलका किसान आजका दिनदेखि आफ्नो खेतीपाती शुरू भएकोसमेत मान्दछन् भने आजैका दिनबाट आआफ्ना बाँझो खेतबारीसमेत जोत्ने कामको शुभारम्भ गर्दछन्।

हलो र गोरु पूजाका अवसरमा मिथिलाञ्चलका गाउँगाउँमा सयौं गोरु एकैसाथ कुदिरहेको तथा किसानको काँधमा हलो लहरै रूपमा राखेर गइरहेको दृश्य देख्न सकिन्छ। हलो र गोरु पूजा जलेश्वरलगायत जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकामा एकसाथ गरिएको छ।


वसन्त पञ्चमीको अवसरमा काठमाडौंको हनुमानढोका दरबारस्थित नासलचोकमा आइतवार आयोजित विशेष समारोहमा (दायाँबाट) राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री शेरबहादुर देउवा, प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा, सभामुख अग्निप्रसाद सापकोटा र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना। तस्वीरः रासस

# लालबन्दीका घरघरमा कोरोना खोप अभियान

सर्लाही, २३ माघ/रासस

लालबन्दी नगरपालिकाले आफ्नो नगरभित्रका घरघरमा कोरोनाविरुद्ध खोप अभियान शुरू गरेको छ। कोरोना भाइरसविरुद्ध नेपाल सरकारले थालेको खोप अभियान अन्तर्गत नगरपालिकाले नगरभित्रका हरेक घरमा कोरोनाविरुद्धको घुम्ती खोप सेवा आइतवारदेखि शुरू गरेको हो।


तस्वीरः रासस

सङ्घीय सरकार, मधेस प्रदेश सरकारको विशेष सहयोग र वाग्मती सेवा समाज तथा 'आड्रा' नेपालको समन्वयमा नगरभित्रका हरेक घरघरमा कोरोनाविरुद्धको घुम्ती खोप सेवा शुरू गरिएको नगरप्रमुख मानबहादुर खड्काले बताए। उनका अनुसार जिल्लाका लालबन्दी, हरिवन र हरिपुर नगरपालिकाले पहिला पनि जिल्लाका २० स्थानीय निकायको तुलनामा सबैभन्दा बढी खोप लगाएको र अहिले पनि जिल्लामा पहिलोपटक लालबन्दीले यो अभियान शुरू गरेको हो।

नगरभित्रका खोप केन्द्रमा आउन नसक्ने गर्भवती, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा शारीरिकरूपमा फरक क्षमता भएका नागरिकलाई घरमैं पुगेर कोरोनाविरुद्धको पहिलो खोप लगाउने अभियानको आज नगरप्रमुख खड्का र वाग्मती सेवा समाजका अध्यक्ष भरत कार्कीले एकैसाथ उद्घाटन गरेका हुन्।

# बैंकसँग लिएको ऋणको ब्याज उच्च हुँदा उद्योग व्यवसाय मर्कामा

–नारायण अधिकारी
चितवन, २३ माघ/रासस

कोरोना भाइरस सङ्क्रमणको मारमा परेका यहाँका उद्योग व्यवसाय बैंकहरूले ब्याजदर बढाउँदै लगेपछि थप प्रभावित बनेका छन् ।

कोरोना भाइरस सङ्क्रमणका कारण सङ्कटमा परेका उद्योगी–व्यवसायी बैंकले ऋणीसँग सम्झौता गर्दा भएको ब्याज क्रमशः बढाउँदै लगेपछि थप मर्कामा परेका हुन् ।

गत वर्षको तुलनामा यो वर्ष बैंकको ब्याज बढेको छ । बैंकको बेसरेट (आधारदर) गत वर्ष पुसको तुलनामा यस वर्ष पुसमा दुई प्रतिशत हाराहारीले बढेको छ । बैंकहरूले तरलता अभाव देखाउँदै बेसरेटमा ६ प्रतिशतसम्म प्रिमियम जोडेर ब्याजदर तय गर्ने गरेका छन् । बैंकमा तरलता अभावले ब्याजदर बढाउनुपरेको बैंकरहरू बताउँछन् ।

ठूलो उद्योग र कृषि क्षेत्रमा बैंक केही उदार भए पनि मझौला र साना ऋणीसँग उच्च ब्याज लिने गरेका छन् । गत वर्ष पुसमा राष्ट्रिय वाणिज्य बैंकको बेसरेट ५.६१ प्रतिशत थियो । चालू आर्थिक वर्षको पुसमा यो दर ६.६ प्रतिशत पुगेको छ । यो बेसरेट बैंकमा सबैभन्दा कम हो । सिभिल बैंकको गत आर्थिक वर्षको पुसमा ८.४५ प्रतिशत बेसरेट रहेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा ९.७४ प्रतिशत पुगेको छ ।

बितेको पुसको तुलनामा यस वर्षको पुसमा सबैभन्दा बढी एनआइसी एशिया बैंकको बेसरेट बढेको छ । गत वर्ष पुसमा यो बैंकको बेसरेट २.७९ प्रतिशत रहेकोमा त्यसमा वृद्धि भएर अहिले ९.४४ प्रतिशत पुगेको छ । यो बैंकले आफ्नो बेसरेटमा ६ प्रतिशतसम्म प्रिमियम जोडेर ब्याज दर तय गर्दा १५ प्रतिशतसम्म पुग्ने गरेको छ ।

कृषि क्षेत्रमा ठूला बैंकले दुई प्रतिशत प्रिमियम थप गरेका छन् भने अन्य क्षेत्रमा ३ देखि ६ प्रतिशतसम्म प्रिमियम थप गरेको पाइन्छ । नवील बैंकका एक कर्मचारीले कृषिमा २ प्रतिशत र अन्य




क्षेत्रमा ३ देखि ५ प्रतिशत प्रिमियम थप गरेर ब्याजदर कायम गर्ने गरिएको जानकारी दिए । उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष त्रिलोचन कँडेलले बैंकको ज्यादतिका कारण उद्योग व्यवसाय धराशायी हुने अवस्थामा पुगेको बताए । उनले भने–“ब्याज दर मनलाग्दी बढाएका छन् । स्वीकृत भएका ऋण समेत नदिएर व्यवसाय धराशायी बनाउने अवस्थामा पुगेका छन् ।” बैंकले लिएको गलत नीतिका कारण कोभिडपछि प्रभावित व्यवसाय थप समस्यामा पुगेको उनको भनाइ छ ।

सङ्घका पूर्वअध्यक्ष राजन गौतमले बैंक नाफामुखी भएको बताए । उनले भने–“बैंकले व्यवसायीको समस्या बुझ्नेन, राज्य पनि उदासीन छ । बैंकहरूले ब्याजदर बढाउँदै लगेपछि २५ प्रतिशत उद्योग धराशायी भइसकेका छन् ।” यस्तै स्थिति रह्यो भने उद्योगीले आत्महत्या गर्न बाध्य हुनुपर्ने स्थिति आउन सक्ने चेतावनी उनको छ । सङ्घीय राजधानीका एक व्यवसायी हालै मात्र परिवारसहित भाग्नुपरेको बाध्यताको पछाडि बैंक प्रमुख कारण रहेको उनको दाबी छ ।

बैंकहरूले ब्याजदर बढाउँदै लगेपछि पर्यटन व्यवसाय झनै प्रभावित बनेको छ । कोभिडले पर्यटन व्यवसाय ठप्पप्रायः रहेका बेला बैंकको ब्याज उच्च हुँदा व्यवसायी तिर्नै नसक्ने स्थितिमा पुगेका छन् । सौराहाको होटल सेभेन स्टारका सञ्चालक माधव दुवाडीले कोभिड–१९ ले थला परेको पर्यटन व्यवसायलाई राज्यले टेवा दिनुपर्ने बताए । व्यवसाय रहे बैंक रहने र डुबे बैंकसमेत डुब्ने भएकोले अप्ठ्यारो परेको बेला बैंकले व्यवसायीलाई पेल्न नहुने उनको तर्क छ । उनले भने–“गाह्रो पर्दा पेल्ने परिपाटी भइरहेको छ । बैंक र व्यवसायीबीच नङ र मासुको सम्बन्ध हुनुपर्छ ।”

उद्योग वाणिज्य सङ्घ चितवनका पूर्वअध्यक्ष कल्याण जोशीले बैंकहरूले ब्याज बढाउँदै लगेपछि व्यवसाय गर्न कठिन हुँदै गएको बताए । उनले भने–“बैंक थप लगानी गर्न तयार छैनन्, व्यवसायको खर्च बढेको छ, व्यवसाय कम छ । उद्योगको लागत मूल्य निकै बढ्यो ।” होटल, हस्पिटल, औषधि उद्योगलगायत ठूला लगानीकर्ताको रूपमा परिचित जोशीले कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमसँगै बैंकहरूले बढाउँदै गएको ब्याज दरका कारण व्यवसाय विस्तार गर्न कठिन हुने अवस्था आएको बताए । रोयल फर्मास्युटिकल्स प्रालिका प्रबन्ध निर्देशक केशव लामिछानेले उद्योगको लागत मूल्य निकै बढेको भन्दै कोभिड–१९ का कारण थला परेको उद्योग क्षेत्रमा बैंकको बढ्दो ब्याजले झन् समस्या बढाएको बताए ।

निर्माण व्यवसायी सङ्घ चितवनका वरिष्ठ उपाध्यक्षसमेत रहेका लामिछानेले स्वीकृत भएका ऋण बैंकले नदिएको, सम्झौताभन्दा बढी ब्याज लिएको, विभिन्न बहानामा दुःख दिएको गुनासो व्यवसायीबाट आएको जानकारी दिए । उनले भने–“अहिलेको विषम परिस्थितिमा राष्ट्र बैंकले हस्तक्षेप गरेर उद्योग व्यवसाय बचाउनुपर्छ ।”

उद्योगी राजु पौडेलले बैंकको ब्याज बढ्दा उत्पादनको लागत मूल्य बढेको र उपभोक्तासमेत मारमा परेको बताए । वैधानिक बाटोबाट बैंकमा पूँजी आउन नसक्दा तरलता अभाव भएको उनको भनाइ छ । सरकारले ब्याज नियन्त्रणमा काम गरेको भए पनि पर्याप्त हुन नसकेको उनले बताए । उद्योग सङ्घ चितवनका निवर्तमान अध्यक्षसमेत रहेका पौडेलले आन्तरिक उत्पादन कम र आयात बढी हुँदा अर्थतन्त्र कमजोर बनेको बताए । बैंकसँग ऋण लिने अधिकांश उद्योगी व्यवसायीले मर्कामा परेको गुनासो गर्ने गरेका छन् ।

## मौसममा सुधार हुने



तस्वीरः फाइल

काठमाडौं, २३ माघ/रासस

पछिल्लो केही दिनयतादेखि पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले प्रभावित मौसम आइतवारदेखि सुधार हुने भएको छ ।

देशभर आज आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहने जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

प्रदेश नं १ र वाग्मती प्रदेशमा आंशिकदेखि सामान्य बदली रही देशका बाँकी भूभागमा मौसम आंशिक बदलीदेखि सामान्यतया सफा रहनेछ ।

सोमवार प्रदेश नं १, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशमा आंशिक बदली रही अन्य प्रदेशमा मौसम सामान्यतया सफा रही देशका मध्य तथा पश्चिमी भूभागका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ४.८ डिग्री र अधिकतम तापक्रम १३.० डिग्री सेल्सियस छ ।

त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम –३.३ डिग्री र सबैभन्दा धेरै डोटी, दिपायलको अधिकतम तापक्रम १९.३ डिग्री सेल्सियस छ ।



लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको तिलौराकोटको दृश्य हो । मुस्लिम समुदायको बाहुल्य रहेको यहाँका मानिसहरूको मुख्य पेशा किसानी हो । यसका साथै भारतबाट भन्सार छली भैंसी, राँगा भित्र्याउने र नेपालका विभिन्न स्थानमा पुऱ्याउने काम पनि गरिन्छ । सो गतिविधि गर्दाको दृश्य । तस्वीरः पङ्कज श्रेष्ठ

## फरक समाचार

### सगरमाथामा जलवायु परिवर्तनको प्रभाव

विश्वको सर्वोच्च शिखर सगरमाथामा रहेको शताब्दीयौं पुरानो हिउँ हरेक वर्ष ठूलो परिमाणमा पग्लिरहेको छ । क्लाइमेट एन्ड एटमोस्फेरिक साइन्स जर्नलमा प्रकाशित नयाँ अध्ययनमा यसको कारण जलवायु परिवर्तनलाई दिइएको छ । वैज्ञानिकहरूका अनुसार आगामी दिनमा हामीले यसको घातक परिणाम देख्न सक्नेछौं ।

**२५ वर्षमा १८० फिट हिउँ पग्लियो**

अनुसन्धानका अनुसार सगरमाथामा रहेको साउथ कोल ग्लेशियरको हिउँ



जम्न करीब दुई हजार वर्ष लागेको थियो, जुन जलवायु परिवर्तनका कारण २५ वर्षमा पग्लिएको थियो । यसको सीधा अर्थ हो कि हिमालमा हिमनदीहरू लगभग ८० गुणा छिटो पग्लिरहेका छन् ।

अध्ययनले देखाएको छ कि हिमनदी पग्लने क्रम सन् १९५० को दशकमा शुरू भएको थियो । तर १९९० को दशकयता सबैभन्दा बढी क्षति हिमालले बेहोर्नुपरेको छ । वैज्ञानिकहरूका अनुसार साउथ कोल ग्लेशियरको १८० फिट हिउँ विगत २५ वर्षमा पग्लिएको थियो ।

**जलवायु परिवर्तनको प्रभाव पृथ्वीका हरेक कुनामा परिरहेको छ**

मानवीय कारणले हुने जलवायु परिवर्तनले विश्वका हरेक कुनालाई असर गरिरहेको छ । सन् २०१९ मा मेन युनिभर्सिटीका छजना अनुसन्धानकर्तासहित पर्वतारोहीले सगरमाथाको हिमनदीमा अनुसन्धान थालेका थिए । टोलीले १० मिटर लामो हिउँको टुक्राबाट नमूना सङ्कलन गरेको थियो । उनीहरूको उद्देश्य जलवायु परिवर्तनको असर पृथ्वीको उच्चतम बिन्दुमा पुगेको छ कि छैन भन्ने प्रश्नको जवाफ खोज्नु थियो । अध्ययनका प्रमुख वैज्ञानिक पल मेवेस्कीले सोको जवाफ ‘हो’मा पाए ।

सगरमाथाका हिमनदी पग्लनु विश्वका लागि निकै नराम्रो खबर भएको वैज्ञानिकहरूको विश्वास छ । जसका कारण हिमपहिरो, खडेरी जस्ता प्रकोपका घटनाहरू बढ्न सक्छन् । करीब एक अर्ब छ करोड मानिस पिउने पानीका लागि यी हिमालहरूमा निर्भर छन् । यो पानी सिंचाइ र जलविद्युत्को लागि पनि प्रयोग गरिन्छ ।

**वैज्ञानिकहरूले सगरमाथालाई बेवास्ता गर्छन्**

अध्ययनमा भनिएको छ कि विश्वस्तरमा वैज्ञानिकहरू विश्वभरका हिमनदीहरूका बारेमा अनुसन्धान गर्छन् तर विश्वको सर्वोच्च शिखरको हिमनदीमा कसैले खासै ध्यान दिएका छैनन् । सगरमाथाका हिमनदीहरूबारे थप अनुसन्धान गर्न आवश्यक छ, ताकि हामी आगामी दिनमा प्रकोपबाट बच्न तयार रहन सकौं ।

### अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको अन्त्य नजीकै

अन्तरिक्ष यात्रीहरूको लागि अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस)को महत्त्व धेरै छ । यसलाई अन्तरिक्षमा वैज्ञानिकहरूको दोस्रो घर पनि भन्न सकिन्छ । तर चाँडै नै यो स्टेशन जीवन समाप्त हुँदैछ । अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले यसलाई पृथ्वीबाट खसाल्ने तयारी गरिरहेको छ । सन् २०२० को अन्त्यमा रिटायर भएपछि यसलाई जनवरी २०३१ मा प्रशान्त महासागरमा फ्याँकिनेछ ।

**अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन के हो ?**

आइएसएस एउटा फूटबल मैदानको आकारको अन्तरिक्ष प्रयोगशाला हो, जसले ४२० किलोमिटरको उचाइमा पृथ्वीको परिक्रमा गर्छ । यसको वजन ४५० टन छ । यो नोभेम्बर १९९८ मा शुरू भएको थियो । यस आयोजनामा अमेरिका, रूस, जापान, क्यानडा, बेलायत, स्वीट्जरल्यान्ड, स्वीडेन, स्पेन, नर्वे, नेदरल्यान्ड, इटाली, जर्मनी, फ्रान्स, डेनमार्क र बेल्जियम रहेका छन् । ब्रजील २००७ मा यस आयोजनाबाट पछि हट्यो ।



आइएसएसमा अन्तरिक्ष यात्रीका लागि सबै सुविधा छ । यहाँ छदेखि आठजना मानिस छ महीनासम्म बस्न सक्छन् । पृथ्वीबाट उड्ने ठूला अन्तरिक्ष यानहरू यसै स्टेशनमा अवतरण गर्छन् । हालसम्म १९ देशका २०० भन्दा बढी अन्तरिक्ष यात्रीले आइएसएस भ्रमण गरिसकेका छन् ।

**आइएसएस सेवानिवृत्त किन भइरहेको छ ?**

गत वर्ष सेप्टेम्बरमा वैज्ञानिकहरूले आइएसएसमा सानो छिद्र देखे । त्यसपछि यो प्रयोगशाला अब केही वर्षको मात्रै पाहुना भएको बताइयो । यसमा यस्ता प्राविधिक नोक्सानहरू भइरहेका छन्, जसलाई मर्मत गर्न धेरै गाह्रो छ ।

आइएसएसलाई १५ वर्षसम्म काम गर्नको लागि निर्माण गरिएको थियो । तर नासाको अनुसन्धानमा यो प्रयोगशालाले अझै केही समय काम गर्न सक्ने देखिएको छ । नासाले आइएसएसलाई दुर्घटनाग्रस्त गर्नुअघि यसका सबै सामग्री पृथ्वी वा अन्तरिक्षमा रहेका अन्य प्रयोगशालाहरूमा स्थानान्तरण गरिने जनाएको छ । यो कामको लागि १.३ बिलियन डलर खर्च हुनेछ ।

**आइएसएस कहाँ दुर्घटनाग्रस्त हुनेछ ?**

नासाका अनुसार आइएसएसलाई दक्षिण प्रशान्त महासागरमा दुर्घटनाग्रस्त गराइन्छ । यस ठाउँको नाम प्वाइन्ट नीमो हो । यो जमीनबाट लगभग २,७०० किलोमिटर टाढा छ । यो ठाउँ विश्वव्यापीरूपमा पुराना अन्तरिक्ष स्टेशनहरू, उपग्रहहरू र अन्तरिक्षमा रहेका मानवनिर्मित अन्य फोहोरहरू नष्ट गर्नको लागि चयन गरिएको छ ।

प्वाइन्ट नीमो वरपर कुनै पनि जहाजलाई आवतजावतमा प्रतिबन्ध लगाइएको छ । यहाँ मानिस बस्ने ठाउँ छैन । सन् १९७१ देखि करीब ३०० प्रकारका अन्तरिक्षका फोहोरहरू यहाँ फालिएका छन् । यसमा प्रायः अमेरिकी र रूसी फोहोरहरू समावेश छन् । यसो गर्दा मानिसले यहाँ प्रदूषणको समस्या बढाइरहेको छ ।

**नासाले निजी क्षेत्रसँग अनुभव साझा गर्नेछ**

नासा हेडक्वार्टरका कमर्शियल स्पेसका निर्देशक फिल म्याकअलिस्टर भन्छन् कि एजेन्सीले वर्षौंदेखि आइएसएसबाट जे सिकेको छ, त्यो निजी क्षेत्रका अन्तरिक्ष कम्पनीहरूसँग साझा गर्नेछ । सुरक्षित, भरपर्दो र किफायती अन्तरिक्ष स्टेशन निर्माण गर्न निजी क्षेत्रलाई सहयोग गरिनेछ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# प्रसिद्ध भारतीय गायिका लता मङ्गेशकरको निधन

मुम्बई, २३ माघ/एएफपी

प्रसिद्ध भारतीय गायिका लता मङ्गेशकरको ९२ वर्षको उमेरमा निधन भएको छ।


तस्वीरः एएफपी

यसै वर्षको जनवरीमा कोभिड-१९ बाट सङ्क्रमित भएपछि उनलाई अस्पताल भर्ना गरिएको थियो। स्वास्थ्य अवस्थामा सुधार नआएपछि उनी हप्तौंदेखि सघन उपचार कक्षमा थिइन्। उपचारका क्रममा नै आइतवार बिहान उनको निधन भएको हो।

मङ्गेशकरको जन्म सन् १९२९ मा भएको थियो र उनले आफ्नो बुबा दीनानाथ मङ्गेशकरको तालीममा प्रारम्भिकरूपमा आफ्नो साङ्गीतिक यात्रा शुरू गरेकी थिइन्। लताले पाँच वर्षको उमेरबाट नै आफ्ना बुबाबाट साङ्गीतिक तालीम शुरू गरेकी थिइन्।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्वीट गर्दै मङ्गेशकरको निधनले "देशमा कहिल्यै पूर्ण नहुने रिक्तता छोडेको" बताएका छन्।

मोदीले मङ्गेशकरका गीतले विभिन्न खाले भावना प्रवाह गरेको र उनले दशकौंसम्म भारतीय चलचित्रजगत्लाई नजिकबाट नियालेको बताएका छन्।

लता १३ वर्षको हुँदा बुबाको मृत्यु भएको थियो। त्यसपछि चार साना भाइबहिनीको लालनपालनसमेतको भूमिका खेल्न बाध्य तुल्यायो र अन्ततः सन् १९४५ मा उनको परिवार मुम्बईमा बसाइँ सर्नुपर्‍यो।

सन् १९६२ मा भारत-चीन युद्धमा मारिएका सैनिकलाई देशभक्तिपूर्ण श्रद्धाञ्जलि गाउन सन् १९६३ जनवरीमा भारतको गणतन्त्र दिवस समारोहमा सरकारद्वारा उनलाई निमन्त्रण गरिएको थियो। उनले "ओ दी पिपल अफ माई कन्ट्री"को प्रस्तुतिले तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले आँसु झारेका थिए।

उनले भक्ति र शास्त्रीय एल्बम रेकर्ड गर्नुका साथै एक हजारभन्दा बढी चलचित्रमा गीत गाएकी छन्। आधा शताब्दी लामो असाधारण साङ्गीतिक यात्राको क्रममा उनले ३६ भाषामा २७ हजारभन्दा बढी गीत गाएकी छन्।

सन् २००१ मा उनले भारतमा नागरिकले पाउने सबैभन्दा उच्च तहको सम्मान भारत रत्न प्राप्त गरेकी थिइन्। सन् २००४ मा उनको उमेर ७५ वर्ष पुग्दा बलिउडका प्रसिद्ध निर्देशकमध्ये एक यश चोपडाले "मैले उहाँको आवाजमा भगवान्‌को आशीर्वाद देखें" भनेर लेखेका थिए। लताले विवाह भने गरिनन्। उनकी बहिनी आशा भोसले पनि चर्चित बलिउड गायिका हुन्। लताले नेपाली भाषामा पनि गीत गाएकी छन्। रासस

# अफगानिस्तानबाट चार महीनामा १० लाखभन्दा बढी बाहिरिए

अफगानिस्तान, २३ माघ/एएनआई

पछिल्लो चार महीनामा १० लाख भन्दा बढी अफगानिस्तानीले देश छाडेको स्थानीय मिडियाले न्यूयोर्क टाइम्सलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

टोलो न्युजका अनुसार अधिकांश आप्रवासी सीमा क्षेत्र पार गरेर इरान र पाकिस्तान पुगेका छन्। एउटा निजी यातायात उद्योगका प्रमुखले दैनिक चार हजार मानिस इरान जाने गरेको बताएका छन्।

"समस्या सबैसामु स्पष्ट छ। त्यहाँ गरिबी, बेरोजगारी छ, र युवाहरूको लागि शैक्षिक अवसर छैन"-टोलो न्युजले उनलाई उधृत गर्दै भन्यो।

"म बाहिर जान चाहन्छु किनभने म मेरा छोराछोरी - दुई केटा र दुई छोरीको राम्रो वातावरणमा पढाइ जारी राख्न चाहन्छु"- उनले थपे।

उनले उच्च शिक्षा मन्त्रालयमा १० वर्ष काम गरेका थिए। अयुबीले अफगानिस्तानमा आफ्नो र उनको परिवारको लागि जीवन कठिन भएको बताउँदै आफू इरान जान चाहेको बताएका छन्।

हेरात प्रान्तका धेरै यात्रु, यातायात उद्योगका प्रमुखहरूले भने अनुसार, इरानको सीमा पार गर्न खोज्ने मानिसहरू नै छन्। तीमध्ये केही पाकिस्तान पनि जाने गरेको बताए।

एउटा यातायात कम्पनीका प्रमुख इस्माइल जावानमर्द अमरखेलले भने- "हामी काबुलबाट हरेक दिन साढे तीन हजारदेखि चार हजार मानिसलाई कन्धार, निमरोज र हेरात प्रान्त लैजान्छौं।

न्यूयोर्क टाइम्सले यस क्षेत्रको सामूहिक आप्रवासनले युरोपमा २०१५ को आप्रवासी सङ्कटको पुनरावृत्ति गराएजस्तै चिन्ता बढाएको छ।


तस्वीरः सिन्हवा

त्यति बेला १० लाखभन्दा बढी मानिस, प्रायः सिरियालीले युरोपमा शरण खोजेका थिए।

यद्यपि धेरैले तत्काल आर्थिक सङ्कटका कारण, देश छाड्ने छनोट गरेका हुन्। तालिबान शासनमा महिलामाथि प्रतिबन्ध र बदलाको डरले थप सङ्कट बढाएको छ। त्यसैगरी इरानमा शरणार्थी अधिकार रक्षकहरूले इरानमा अफगान शरणार्थीहरूको स्थितिबारे थप चिन्ता व्यक्त गरेका छन्।

"इरानमा रहेका अफगान शरणार्थीहरूले काममा पहुँच र शरणार्थी परिचयपत्रको अभावजस्ता विभिन्न चुनौतीको सामना गरिरहेका छन्। शरणार्थीलाई सधैं फिर्ता पठाइने जोखिममा हुन्छ"- शरणार्थी अधिकारकर्मी नकिबुल्लाह रसिखले भने।

इस्लामिक इमिरेट्सले अफगानिस्तानमा आर्थिक र मानवीय सङ्कटको सामना गर्ने प्रयास भइरहेको बताएको छ। इस्लामिक इमिरेट्सका उपप्रवक्ता बिलाल करीमीले भने- "इस्लामिक इमिरेट्सको तथ्याङ्कले अफगानिस्तानबाट दैनिक १,५०० देखि २,००० मानिस इरान जाने गरेको देखाएको छ।" इरान प्रवेश गर्ने धेरै आप्रवासी टर्कीस सीमा पार गरेर युरोपमा शरण लिन खोजिरहेका छन्। रासस

# बङ्गलादेश चीनको ऋणको जालमा परेको छैन-विदेशमन्त्री

बङ्गलादेश, २३ माघ/एएनआई

बङ्गलादेशका विदेशमन्त्री एके अब्दुल मोमेनले ढाका चिनियाँ 'ऋणको जाल' मा परेको दाबी खारेज गरेको सिन्हवाले उल्लेख गरेको छ।

शनिवार ढाकामा आयोजित एक कार्यक्रममा सहभागी भइसकेपछि सञ्चारकर्मीसँग कुरा गर्दै मोमेनले बङ्गलादेशलाई चीनले दिएको ऋण मुलुकको बाह्य ऋणको सानो अंश मात्रै रहेको बताएका छन्।

सिन्हवाका अनुसार मन्त्रीले 'ऋण जाल चिन्ता' भनेको चीनको बेल्ट एन्ड रोड इनिसिएटिभलाई ध्वस्त पार्ने र बेइजिङ र ढाका वा यस क्षेत्र र बाहिरका अन्य देशहरूबीच सहयोग रोक्न गरिएको स्पष्ट प्रयास हो भनेका छन्।

ऋण-जिडिपी अनुपातको सन्दर्भमा मन्त्रीले भने बङ्गलादेशको कुल ऋण १५ प्रतिशत वा लगभग १६ प्रतिशतभन्दा बढी छ। मोमेनले भने कुनै पनि देशको ऋण कुल गार्हस्थ उत्पादनको फन्डै ४० प्रतिशत हुँदा ऋणमा फसेको भन्ने हुन्छ।

बङ्गलादेशले अहिलेसम्म विश्व बैंक, एशियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषबाट सबैभन्दा बढी ऋण लिएको बताउँदै मोमेनले भने-"विदेशी स्रोतबाट लिने हाम्रो कुल ऋणको पाँच प्रतिशत पनि चिनियाँ ऋण पुगेको छैन।

मोमेनले कथित अधिकार दुरुपयोग भएको आरोपमा देशको र्‍यापिड एक्शन बटालियन (RAB) का अधिकारीहरूमाथि अमेरिकी प्रतिबन्धको आलोचना गरेपछि यो कदम 'धेरै दुर्भाग्यपूर्ण' र 'तथ्यमा आधारित नभएको' भएको भन्दै आएका छन्। रासस

# वर्षाले एक करोड इँटा नष्ट

चितवन, २३ माघ/रासस

वर्षाले यहाँका इँटा उद्योगमा एक करोडभन्दा बढी इँटा नष्ट गरेको छ।


तस्वीरः फाइल

उद्योगले बनाएका काँचो इँटा पानीले नष्ट गरेको हो।

व्यवसायीका अनुसार पकाउन तयारी अवस्थामा रहेका काँचो इँटा पानीले बिगारेर नष्ट गरेको छ। माटो प्रशोधन गरेर इँटा बनाएर पकाउनुअघि पानी परेपछि पूरै नष्ट हुने गर्दछ। काँचो इँटा घाममा सुकाएपछि पकाउन राख्ने गरिन्छ। केही दिन परेको वर्षाका कारण इँटा नोक्सान भएको हो। चितवन इँटा उद्योग सङ्घका अध्यक्ष नारायण सापकोटाका अनुसार जिल्लामा सात उद्योगका इँटा नष्ट भएका हुन्।

कोभिड-१९ अघि १८ वटा उद्योग सञ्चालनमा थिए। अन्य उद्योग कोरोनाका कारण बन्द भएका छन्। सापकोटाको भनाइमा हाल सञ्चालनमा रहेका उद्योगमा सरदर एउटामा १५ लाख काँचो इँटा रहेका थिए। पानीले सबै इँटा नष्ट भएका छन्। उनले भने, "सङ्ख्याको हिसाबले एक करोडभन्दा बढी इँटा नष्ट भएका छन्।" यसबाट करोडौं रुपैयाँ नोक्सानी भएको उनको दाबी छ।

आफ्नो बिक्री इँटा उद्योगका १५ लाख काँचो इँटा नष्ट भएको उनले जानकारी दिए। इँटा उद्योग महासङ्घका उपाध्यक्षसमेत रहेका सापकोटाले बेमौसमी वर्षाका कारण देशभरका एक हजार ५०० उद्योगमा नोक्सान पुगेको बताए। उनले भने, "आत्मनिर्भर इँटा उद्योग कोभिडसँगै बेमौसमी वर्षाले विस्थापित हुने अवस्थामा पुगेको छ।" सरकारले समयमै सम्बोधन नगरेमा आत्मनिर्भर यो व्यवसाय विदेशमा निर्भर हुनुपर्ने अवस्था आउने उनको भनाइ छ।

इँटा पकाउन प्रयोग हुने कोइलाबाहेक अन्य कच्चा पदार्थ यहीं पाइन्छ। केही जनशक्ति भारतबाट ल्याइन्छ। ठूलो सङ्ख्यामा नेपालीले स्वदेशमैं रोजगार पाएका छन्।

पूर्वी चितवनको खैरहनीस्थित लालपुरमा रहेको मनकामना इँटा उद्योगमा रहेका १० लाख काँचो इँटा नष्ट भएका छन्। उद्योगका सञ्चालक पुष्प पियाले वर्षाका कारण ठूलो नोक्सानी बेहोर्नुपरेको बताए। एक हजार काँचो इँटा बनाउन मजदूरलाई मात्रै रु एक हजार २०० दिनुपर्ने भन्दै उनले माटो, बालुवालगायत सामग्री खरीद गर्दा ठूलो लगानी हुने बताए।

## सर्लाहीमा वर्षाका कारण ३५ करोडको इँटा नष्ट

विगत दुई दिनको वर्षाका कारण यहाँका इँटा व्यवसायी मारमा परेका छन्। लगातारको वर्षाले जिल्लाका इँटा व्यवसायीलाई ठूलो क्षति पुग्याएको उनीहरूको गुनासो छ। दुई दिन परेको वर्षाले जिल्लामा रहेका इँटा उद्योगमा करोडौं मूल्यका इँटा नष्ट भएको तारा इँटा उद्योगका सञ्चालक प्रकाश थपलियाले बताए।

उनका अनुसार पानीले इँटा उद्योगमा चाङ लगाएर राखिएका काँचो इँटा भिजेर नष्ट भएको छ। जिल्लामा रहेका ९३ वटा इँटा उद्योगमा वर्षाले करीब रु ३५ करोड मूल्यबराबरको क्षति पुगेको सर्लाही इँटा उद्योग व्यवसायी सङ्घका अध्यक्ष मेथुर चौधरीले जानकारी दिए। उनका अनुसार जिल्लामा रहेका ९३ वटा उद्योगमध्ये ८४ वटा इँटा उद्योग हाल सञ्चालनमा रहेका छन्।

### उत्पादित तरकारी.....

शान्तिटोलका अर्गानिक तरकारी उत्पादक कृषक होमनाथ धितालले बताए। तरकारी होस् वा अन्य बालीलाई विषादीमुक्त गरी अर्गानिक खेती गर्नुपर्ने, अर्गानिक तरकारी बिक्रीबाट बढी मूल्य निर्धारण गर्न कृषकहरू एकमत हुनुपर्ने उनले सुझाए। हामी व्यावसायिक तरकारी उत्पादक कृषकहरू तरकारी बिक्रीका लागि एकमत नहुन्जेलसम्म यस्तै समस्या र मर्का भोगिरहनुपर्ने उनको भनाइ छ। स्थानीय सरकारले कृषकहरूका समस्या र उत्पादित वस्तुको बजारीकरण, उचित मूल्य तोकिदिन र कार्यान्वयनमा ल्याइदिने हो भने तरकारी किसानहरूलाई धेरै सजिलो हुने धितालले बताए। स्थानीय सरकारले बिचौलिया रोक्न नसकेको कारण तरकारी किसानहरू आर्थिक नोक्सानमा परेको उनको बुझाइ छ।

### सरस्वतीपूजामा कोरोना......

भने पनि सो नगर्दा प्रशासनको भय पनि देखिएको छैन। प्रशासनले माघ महीनाभरि वैवाहिक कार्यक्रममा बन्देज गरे पनि वैवाहिक कार्यक्रमहरू प्रहरी प्रशासनको नाकमुनि भइरहेका छन्। शहरमा बैन्डबाजा, डिजेको प्रयोग गरी धुमधामका साथ वैवाहिक कार्यक्रमहरू भइरहेका छन्। त्यसैगरी, सभा समारोहहरू तथा राजनीतिक गतिविधिहरू भीडभाडका साथ भएकाले विद्यार्थीहरूले पनि कोरोनाका कुनै पनि मापदण्ड पूरा नगरी सरस्वतीपूजा धुमधामका साथ मनाएका हुन्। मास्कको प्रयोग विद्यार्थीहरूले नगण्य मात्रामा गरेका थिए। सामाजिक दूरीको त कुरै भएन, अचाक्ली भीडभाडका साथ सामुदायिक, संस्थागत विद्यालयहरू र क्याम्पसमा सरस्वतीपूजा सम्पन्न भएको थियो। सरस्वतीपूजाको दिन वीरगंज शहर दिनभर विद्यार्थीहरूको चहलपहलले व्यस्त रह्यो। चिल्ड्रेन पार्क, घडीअर्वा पोखरी र भिस्वा चैतन्य विहार जस्ता घुमफिर गर्ने स्थानहरू पनि विद्यार्थीहरूले भरिभराउ थिए।

*बलिराम शुक्ला, बिरवागुठी/*

पर्सागढी नगरपालिकामा सरस्वतीपूजाको चहलपहल खासै भएन। कोरोनाको कारण सामुदायिक विद्यालयहरू बन्द रहेका कारण पनि सरस्वतीपूजाको आकर्षण यहाँ देखा परेन।

जनता मावि पकडिया बडनिहारका प्रधानाध्यापक मोहनप्रसाद चौधरीले विद्यालय बन्द रहेका कारण विद्यार्थीहरूलाई नबोलाएको र पूजा गरेर विधि मात्र पूरा गरिएको बताए। उनले स्वेच्छाले आएका विद्यार्थीहरूलाई भने रोकटोक नगरिएको र प्रसाद दिएर पठाएको बताए। विद्यार्थी बादल मुखियाले सरस्वतीपूजा परम्परागतरूपमा मनाउन नपाउँदा खल्लोपन महसुस भएको बताए। उनले विद्यार्थीहरूको भीडभाड हुने, सांस्कृतिक कार्यक्रमहरूले सरस्वतीपूजाको दिन विद्यालयको दिनचर्या नै भिन्न हुने गरेकोमा यस वर्ष यी सब नहुँदा खल्लो महसुस भएको बताए।

*ओमप्रकाश चौधरी, सेढवा/*

जीराभवानी, जगरनाथपुर र पटेर्वासुगौलीमा पनि सरस्वतीपूजाको चहलपहल देखिएन। बिहानदेखि विद्यार्थीहरूको भीडभाड हुने, विभिन्न विद्यालयमा मूर्ति पूजन, सांस्कृतिक कार्यक्रमहरू हुने गरेकामा यस वर्ष विद्यालय बन्द भएका कारण त्यस्ता केही गतिविधि भएनन्। सरस्वती माताको मूर्ति स्थापना भएका विद्यालयमा मूर्तिपूजन र मूर्ति नभएका विद्यालयमा तस्विरपूजन गरी सरस्वतीपूजा मनाइएको थियो। प्रअ, शिक्षक र थोरै सङ्ख्यामा उपस्थित विद्यार्थीहरूबीच यस वर्षको सरस्वतीपूजा सम्पन्न भएको छ। यस वर्ष सरस्वतीपूजा दुई दिन मनाइयो। केहीले शनिवार मनाए भने केहीले आइतवार। आइतवार बिहान ६ बजेसम्म मात्र वसन्तपञ्चमीको साइत रहेको कारण केहीले शनिवार मनाएका थिए।


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


**आजको राशिफल**

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – कडापरिश्रम |
| धनु – सुसमाचार | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


सरसफाइमा ध्यान दिऊँ,
बिरामी हुनबाट बचौं।

वीरगंज महानगरपालिका

# लाग्दैन एनटिसीको नेटवर्क रतनपुरमा, सेवाग्रही मर्कामा

प्रस, निजगढ, २३ माघ/

एनटिसीको सिमकार्ड भएका निजगढ नगरपालिका–११ रतनपुरका सेवाग्राही मर्कामा परेका छन् ।

सञ्चार सेवाको पहुँचमा प्रयोगमा ल्याएका थिए । तर दुई वर्षदेखि एनटिसीको सेवामा समस्या आएको छ र यसबारेमा बारम्बार ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान भएको छैन ।

मोबाइलमा टावर देखाउँछ तर फोन सम्पर्क भने हुँदैन । कुनै बेला सम्पर्क भएपनि आवाज स्पष्ट नहुने र बीचबीचमा सेवा अवरुद्ध हुने गरेको छ । उनले सेवा अवरुद्धबारे दुई वर्षदेखि



नेपाल टेलिकमको एनटिसी फोन सम्पर्कविहीन भएको निजगढ नगरपालिका–११ रतनपुर । तस्वीरः प्रतीक

नागरिकहरूलाई सहभागिता गराउने सरकारले प्रतिबद्धता गर्दै आए पनि रतनपुरवासीहरूको लागि सरकारको यो प्रतिबद्धता खोक्रो साबित भएको छ ।

पहिला एनसेलको सिमकार्डबाट फोन सम्पर्क हुँदै आए पनि पछि निजगढ नपा–१२ कुलियामा एनटिसीको टावर जडान भएपछि यहाँका मानिसहरूले एनसेलको सिमकार्ड छाडेर एनटिसीको सिमकार्ड

निजगढ नपा–११ रतनपुरका अध्यक्ष प्रेमबहादुर रुम्बाले दुई वर्षदेखि समस्या आएको बताए ।

रतनपुरको हाटबजार, विद्यालय, मुख्यबस्ती आसपाससँगै वडामा नै नेपाल टेलिकमको मोबाइल सेवामा समस्या आएको वडाध्यक्ष रुम्बाले प्रतीकलाई बताए । उनले यो क्षेत्रमा एनटिसीका १५ सय ग्राहक रहेको र सबैको समस्या समान भएको बताए । उनले भने– कहिलेकाहीं अहिलेसम्म सुनवाइ नभएको आरोप लगाए ।

नेपाल टेलिकम निजगढका प्रमुख जगत चौधरीले रतनपुरलाई कभर गर्ने गरी वडा नं १२ कुलियामा टावर मरम्मत भइरहेको बताए । उनले वनक्षेत्रबीचमा बस्ती भएकोले बेलाबखत समस्या हुने गरेको बताए । उनले प्राविधिक टोलीबाट समस्याको समाधान गर्नेतर्फ पनि पहल भइरहेको बताए ।

# मनहर्वा चिनीमिलले सङ्घको पैसा रोक्यो

प्रस, वीरगंज, २३ माघ/

बाराको मनहर्वास्थित रिलायन्स सुगर एन्ड केमिकल इन्डस्ट्रिजले उखु उत्पादक किसान सङ्घ पर्साको गत चार वर्षदेखि रकम चुक्ता नगरेको भन्दै आइतवार जिल्ला प्रशासन कार्यालय, पर्साको ध्यानाकर्षण गराइएको छ ।

सङ्घका पर्सा अध्यक्ष असर्फी साह नेतृत्वको टोलीले मिलका सञ्चालक राजकुमार गाडियालाई पटक–पटक लिखित तथा मौखिकरूपमा गत चार वर्षदेखि उखुबापत पाउनुपर्ने लाखौं रुपैयाँ भुक्तानीका लागि आग्रह गरेको तर सो आग्रहलाई अहिलेसम्म पूरा नगरेको भन्दै प्रमुख जिल्ला अधिकारी उमेश ढकालको ध्यानाकर्षण गराएका थिए ।

पर्साका किसानले आफ्नो उखु बिक्रीका लागि फैक्ट्रीमा लिएर जाँदा भुक्तानीको बेला सङ्घको लागि कम्पनीले किसानसँग प्रतिक्वीन्टल १५ पैसा कट्टा गर्ने तथा कम्पनीले आफ्नोतर्फबाट पनि १५ पैसा थप गरेर प्रतिक्वीन्टल ३० पैसा दिने सहमति गरेकोमा अहिलेसम्म सोबापतको रकम भुक्तानी नगरेको भन्दै प्रजिअ ढकाललाई भुक्तानीको लागि पहल गर्न आग्रह गरेका थिए ।

उनले चार वर्षअघि सङ्घको खातामा फैक्ट्रीले सोबापतको रकम राख्दै आएकोमा २०७४ सालदेखि रोकेको र सोको उचित कारण पनि नबताएर आलटाल मात्र गर्दै आएको दोषारोपण गरेका थिए । प्रजिअ ढकालले वस्तुस्थिति बुझेर समस्याको समाधान गर्ने आश्वासन दिएका थिए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |





Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# सम्पत्ति कर फिर्ता लिन लोसपाको माग

प्रस, जीतपुर, २३ माघ/

लोकतान्त्रिक समाजवादी पार्टी बाराका अध्यक्ष घनश्याम गिरीले विज्ञप्ति जारी गरी जीतपुरसिमरा उपमहानगरपालिकाले सम्पत्ति र सटर करमा गरेको अचाक्ली कर वृद्धि फिर्ता लिन आग्रह गरेका छन् ।

अध्यक्ष गिरीले आइतवार विज्ञप्ति जारी गर्दै कोरोनाको कारण दुई वर्षदेखि थलिएको व्यापार–व्यवसायलाई उकास्नेतर्फ कुनै पहल नगरी करको दर वृद्धि गरेर व्यापारी, व्यवसायीहरूको ढाँड भाँच्ने कार्य जीतपुरसिमरा उपमहानगरपालिकाले गरेको भन्दै सो कर वृद्धि फिर्ता लिन आग्रह गरेका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी, बाराका अध्यक्ष गिरीले विज्ञप्तिमा सम्पत्ति कर एक हजार प्रतिशत र सटर भाडा कर चार सय वृद्धि गर्नु कुनै पनि अवस्थामा न्यायसङ्गत नभएको भन्दै वृद्धि गरिएको दुवै कर खारेज गरी सबैले थेग्न सक्ने गरी करको दर निर्धारण गर्न आग्रह गरेका छन् ।


**ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।**

- ज्येष्ठ नागरिकलाई दया होइन, सम्मान गरौं ।
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं ।
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।
- सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# दाता परिवारबाट सरस्वती मन्दिरको उद्घाटन

प्रस, ठोरी, २३ माघ/

ठोरी गाउँपालिका–४ घ्याङडाँडामा रहेको ज्ञानज्योति माध्यमिक विद्यालय





नवनिर्मिति मन्दिर र उद्घाटनको अवसरमा पूजा गर्दै श्रेष्ठ दम्पती । तस्वीरः प्रतीक

नवनिर्मित सरस्वती मन्दिरको आइतवार सरस्वतीपूजाको दिन उद्घाटन भएको छ ।

सरस्वती मन्दिर निर्माणकर्ता विद्यालय व्यवस्थापन समितिका संस्थापक अध्यक्ष शुक्रबहादुर श्रेष्ठ र निजकी पत्नी तिलमाया श्रेष्ठले संयुक्तरूपमा उद्घाटन गरेका थिए ।

समाजसेवी श्रेष्ठले विसं २०४७ सालमा विद्यालय स्थापना गर्न पनि अग्रणी भूमिका खेलेका थिए । उनले त्यतिखेर विद्यालय स्थापना गर्न घरघरबाट अन्नपात सङ्कलन गरी काठको घर बनाएर विद्यालय सञ्चालनमा ल्याएका थिए ।

श्रेष्ठ हाल बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा बस्छन् । श्रेष्ठले करीब रु पाँच लाख ५० हजार खर्च गरेरमा मन्दिरसहित मूर्तिको काम सम्पन्न भएको जानकारी गराए ।

मन्दिर निर्माणमा श्रेष्ठका छोरा हाल अमेरिकामा रहेका तिलक श्रेष्ठले विद्यालयमा बुबाको पनि योगदान जोडिएकोले त्यसलाई आगामी पुस्ताले पनि सम्झिरहोस् भनी आर्थिक सहयोग गरेर मन्दिर निर्माण कार्य सम्पन्न गराएका हुन् । एनआरएन अमेरिकाका पूर्वअध्यक्ष श्रेष्ठले बुबाको इच्छा पूरा गरी मन्दिर निर्माण कार्य सम्पन्न भएकोमा खुशी व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राकेश श्रेष्ठले सरस्वती मन्दिर निर्माण गरेकोमा श्रेष्ठ परिवारलाई धन्यवाद ज्ञापन गरे ।

कार्यक्रममा ठोरी गापाकी उपाध्यक्ष शान्तिमाया थिङ, वडाध्यक्ष बईबहादुर तामाङ, पूर्वअध्यक्ष लालबहादुर श्रेष्ठ, गापा बोर्ड सदस्य कान्छीमाया थिङ, प्रअ पिताचन्द्र ढुङ्गेल, मन्दिर निर्माण समितका संयोजक रणबहादुर श्रेष्ठलगायत शिक्षक, विद्यार्थीहरूको सहभागिता थियो ।

# प्रेस चौतारी रौतहटको जिल्ला कार्यसमिति चयन

प्रस, रौतहट, २३ माघ/

प्रेस चौतारी नेपाल रौतहटको सातौं जिल्ला अधिवेशनले उत्तमकुमार उपाध्यायको अध्यक्षतामा १९ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ ।

शनिवार आयोजित सातौं जिल्ला अधिवेशनले उपाध्यक्ष नन्दभूषण श्रीवास्तव, उपाध्यक्ष समावेशी मञ्जु मानन्धर, सचिव मुकेश साह, सहसचिव राकेश यादव, सहसचिव समावेशी रामप्रवेश बैठा र कोषाध्यक्षमा अमृत सापकोटालाई सर्वसहमत चयन गरेको छ ।

यसैगरी, सदस्यहरूमा कमल यादव, रमेश जयसवाल, राजकुमार यादव, कल्याणी झा, राजकरण यादव, राजुकमार श्रीवास्तव, जयन्ती झा, सागर ठाकुर, स्मित रजक, देवेन्द्र यादव, शर्मिला नेपाल, सुनील रजक चयन भएका प्रेस चौतारीका मधेस प्रदेश संयोजक फणि महतले जानकारी गराए ।

# विद्यार्थीहरूलाई निश्शुल्क ट्र्याकसुट

प्रस, निजगढ, २३ माघ/

निजगढ नगरपालिका–९ वडा कार्यालयले विद्यार्थीहरूलाई आइतवार



तस्वीरः प्रतीक

निश्शुल्क न्यानो कपडा ट्र्याकसुट वितरण गरेको छ ।

जनज्योति आधारभूत विद्यालयका १२० जना विद्यार्थीलाई ट्र्याकसुट वितरण गरिएको वडाध्यक्ष सुदर्शनप्रसाद बडालले बताए ।

विद्यार्थीहरूलाई जाडोमा विद्यालय पोशाकको रूपमा न्यानो ट्र्याकसुट वितरण गरिएको उनले बताए । चीसोका कारण पोशाक अभावमा कसैले अध्ययनबाट वञ्चित हुनुनपरोस् भन्ने उद्देश्यले न्यानो कपडा वितरण गरिएको वडासदस्य जगतबहादुर न्यौपानेले बताए । वडाका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरेर कार्यक्रम गरिएको वडा सचिव सपना ढुङ्गानाले बताइन् ।

# महतो स्मृति भवन तथा पार्क निर्माण सम्पन्न

प्रस, रौतहट, २३ माघ/

शहीद मनरूप महतो स्मृति भवन तथा पार्कको निर्माण सम्पन्न भएको छ । नेकपा माओवादी रौतहटको प्रथम शहीद महतोको नाममा फतुवा विजयपुर नगरपालिका–९ मा स्मृति भवन र वडा नं ११ भैंसहीमा स्मृति पार्क निर्माण सम्पन्न भएको छ ।

तत्कालीन सशस्त्र जनयुद्धको क्रममा फतुवा विजयपुर–११ भैंसहीका मनरूप महतो रौतहटबाट पहिलो शहीद भएका थिए ।

महतोको मकवानपुर र सिन्धुलीको सिमानामा रहेको तोरीबारीमा २०५७ भदौ ५ गते आफैंले बम बनाएर चेक गर्ने क्रममा दुर्घटना भएर मृत्यु भएको माओवादी नेता त्रिभुवन साहले बताए ।

तोरीबारी घटनामा महतोको मृत्यु भएको विभिन्न पत्रपत्रिका तथा सञ्चारमाध्यमबाट आफूले सुनेको उनकी पत्नी कान्तिदेवी महतोले बताइन् । रौतहटका प्रथम माओवादी शहीद पत्नी कान्तिदेवी अहिले फतुवा विजयपुर नगरपालिकाकी उपप्रमुख हुन् ।

प्रथम शहीद महतोको सम्मान र सम्झनाको लागि फतुवा विजयपुर–९ बजारछेउमा शहीद स्मृति भवन र वडा नं ११ मा शहीद स्मृति पार्क निर्माण भएको वडाध्यक्ष सञ्जय साहले बताए ।

तराई–मधेस शहीद स्मृति प्रतिष्ठानको लगानी तथा चन्दा सहयोगमा तीन कट्ठा जग्गामा दुई करोडभन्दा बढी लगानीमा भवन निर्माणको काम पूरा भएको तथा स्मृति पार्कको निर्माण अन्तिम चरणमा रहेको वडाध्यक्ष साहले बताए ।

जनयुद्ध दिवसको अवसरमा आगामी फागुन १ गते स्मृति भवन र पार्कको उद्घाटन गर्ने कार्यक्रम तय भएको उपप्रमुख महतोले बताइन् ।